कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

बैठक नं - 1

आज मिति २०७७/०४/०४ गते आईतबारका दिन कोहलपुर नगरपालिका नगर प्रमुख श्री लूट बहादुर रावत ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितीमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिती :-

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूट बहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधब रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम शरण थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाहि | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | अनन्त कुमार पौड्याल | सचिव | |
| | सहयोगी कर्मचारी | | |
| १ | सुदिप सिंह सुनार | ले.अ. | |
| २ | प्रकाश पोख्रेल | ओभरसियर | |
| ३ | राजेन्द्र थापा | का.स. | |

## प्रस्ताव तथा निर्णयहरु :

### निर्णय नं. ०१

प्रस्ताव नं.०१ मा छलफल गर्दा डुडुवा खोला, रोहणी खोला, सुतैया नाला, ईटवा नाला, सानो डुडुवा र जेठी नाला लगायतका खोला नालाहरुले कोहलपुर नगरपालिका सबै वडाहरुमा कटान गरी बस्ती तथा खेतियोग्य जमिनलाई क्षति पुऱ्याएको हुँदा कटानबाट उच्च जोखिममा रहेका स्थानहरुलाई सुरक्षित गर्न **"विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)"** तयार गरी रोकथाम तथा बस्ती स्थानान्तरणका लागि प्रदेश सरकार र संघीय सरकारसँग कार्यक्रम माग गर्ने निर्णय गरियो ।

### निर्णय नं. ०२

प्रस्ताव नं.०२ मा छलफल गर्दा वडा स्तरिय विपद् व्यवस्थापन समिति र सो वडा हेर्न जिम्मेवारी तोकिएका प्राविधिक समेतको टिमवाट हाँल वर्षातको कारण आवागमनमा कठिनाई भएका स्थानहरुमा लागत स्टिमेटका आधारमा ग्राभेल, ह्युम पाईप एवं नाली सफाईको कार्य गर्ने निर्णय गरियो ।

### निर्णय नं. ०३

प्रस्ताव नं.०३ मा छलफल गर्दा ५ नं. प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कोहलपुर नगरपालिका लगायत बाँके जिल्लाका सबै स्थानीय तहहरुको निर्माण लागत साझेदारी तथा मासु व्यवसायीहरु तथा उत्पादक महिला सामाजिक उद्यमी सहकारीहरुको संचालन लागत साझेदारीमा कोहलपुर नगरपालिका वडा नं.११ मा निर्माण हुन गै रहेको **'आधुनिक बधशाला'** निर्माण कार्यमा लाग्ने कुल लागत मध्ये हाँल यस नगरपालिकालाई बधशाला निर्माण कार्यका लागि प्राप्त भएको बजेट अख्तियारी वमोजिम कार्य सम्पन्न गर्न बजेट अपुग हुने भएको हुँदा यस आयोजनालाई निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्ने थप बजेट सुनिश्चितताका लागि ५ नं. प्रदेश सरकार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०४**

प्रस्ताव नं.०४ मा छलफल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, आन्तरिक व्यवस्थापन शाखाको मिति २०७७/०४/०१ गते च.न.१२ को पत्रानुसार प्राप्त भएको कार्यसम्पादन मूल्याङ्कन फारामको ढाँचा नमुना फाराम स्वीकृत गरी सोही ढाँचा वमोजिम यस नगरपालिकामा समायोजन भै आएका र साविक स्थानीय निकाय देखि स्थायी रुपमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०५**

प्रस्ताव नं.०५ मा छलफल गर्दा नगरक्षेत्रमा क्वारेन्टाईन संचालन भएका सामुदायिक विधालयहरुमा पंखा मर्मत, फर्निचर, ईलेक्ट्रोनिक्स सामाग्रीहरु लगायतको मर्मत संभारको यर्थात विवरण सम्बन्धित वडा कार्यालयहरुवाट यर्थात विवरण माग गर्ने र विधालयलाई निर्मलिकरणको लागि नगर स्वास्थ्य शाखासँगको समन्वयमा स्प्रे गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०६**

प्रस्ताव नं.०१ मा छलफल गर्दा डुडुवा खोला, रोहणी खोला, सुतैया नाला, ईटवा नाला, सानो डुडुवा र जेठी नाला लगायतका खोला नालाहरुको कटानबाट जोखिंममा रहेका घरधुरीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरणका लागि जिल्ला विपद् व्यवस्थापन समिति बाँकेसँग अनुरोध गर्ने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल